# अमरगढी नगरपालिका कार्यालय

## डडेल्धुरा

## शिलवन्दी वोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति :- २०७१/१०/१३ )

यस कार्यालयवाट आ.व. २०७१।०७२ को जगेडा कोष शिर्षक अन्तरगतका तपसिलका बोलपत्रका माध्यमबाट खरिद गर्नुपरेकाले निम्न लिखित शर्तको अधिनमा रही कार्य गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको हुदा अनुभबी तथा दक्ष ईजाजत प्राप्त निर्माण ब्यबसायीहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र चालु आ.ब. का लागि नबिकरण भएको ठेक्का ईजाजतपत्र, आ.व.२०७०/७१ सम्मको कर चुक्ता प्रमाण पत्र र आयकारको स्थायी नम्बर ( **PAN** ) लिएको तथा मु.अ.कर दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखि निबेदन साथ तल उल्लेखित दस्तुर ( फिर्तानहुने) तिरी यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

२) खरीद गरेको वोलपत्र फाराम बोपत्रदाताले प्राविधिक र आर्थिक प्रस्तावहरु सहित एउटै खाममा राखी खरीद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० वजे सम्म सिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दर्ता भएका बोलपत्रहरुको सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिने छन ।

३) बोलपत्रको जमानत वाफतको रकम यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३( ४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको बैंक जमानी पत्र ( बिडबण्ड ) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

४) बोलपत्रको मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ ।

५) रीत नपुगेको वा ढिलोगरी प्राप्त भएको बोलपत्र उपर कारबाही हुने छैन । साथै दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउमा सहिछाप भएको हुनुपर्ने छ । साथै बोलपत्र फारामको प्रत्येक पानामा बोपत्रदाताको सहीछाप हुनुपर्ने छ ।

६) बोलपत्र मुल्य अभिबृद्धि कर बाहेकको दररेटमा उल्लेख गर्नुपर्ने छ ।

७) बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगत्तै कार्यालय खुलेको दिनमा हुने छ ।

८) बोलपत्रदाताले आफु वा आफ्नो प्रतिनिधि कुनै पनि खरिद सम्झौता गर्न प्रचलित कानुन बमोजिम अयोग्य नभएको कुरा लिखित रुपमा घोषणा गरेको कागजात पेश गर्नुपर्ने छ ।

९) बोलपत्र स्वीकृत भै खरिद सम्झौता गर्न आउदा मु.अ. कर सहित कबोल अंकको ५% ले हुन आउने रकम कम यस कार्यालयको नाममा रा.वा. वैंक डडेल्धुराको धरौटी हि.नं. ४१/१८ ग ३(४०२०३०३००३०१८) मा नगद जम्मा गरेको सक्कल वैंक भौचर वा सो बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा त्रुटि सच्चाउने अवधि भन्दा एक महिना बढी मान्य अवधि भएको परफरमेन्स वण्ड पेश गर्नुपर्ने छ ।

१०) निर्माण कार्यको कार्य योजना **(Action Plan)** बोलपत्र फारामसंग संलग्न गर्नु पर्ने छ ।

११) नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने , आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२) बोलपत्र पेश गर्नु पुर्व बैठक फाल्गुन ३ गते दिनको १:०० बजे यस कार्यालयमा बस्नेछ ।

१३) एक कम्पनी फर्मको नामबाट खरीद गरेको बोलपत्र फाराम अर्को कम्पनी फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

१४) तपसिलको कार्य २०७२ जेष्ठ मसान्त भित्र निर्माण सम्पन्न गरी सक्नुपर्नेछ ।

१५) स्वीकृत नभएका बोलपत्रदाताहरुको बिडवण्ड तथा धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फुकुवा गरिने छ ।

१६) चालुहालतका उपकरणहरु मेकानिकल ईन्जिनियरबाट प्रमाणित गरेको हुनुपर्ने छ ।

१७) बोलपत्र पेश गर्नु अघि बोलपत्रदाताले निर्माणस्थल तथा समुदायको बारेमा जानकारी एवं अध्यायन गरेको मानिने छ ।

१८) एक बोलपत्र दाताले संयूक्त उपक्रमको साझेदारी (JV) वा ब्यक्तिगत मध्ये कुनै एउटा मात्र बोलपत्र फाराम खरीद / पेश गर्न सक्नेछ ।

१९) बोलपत्रका सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयबाट कार्यालय समय भित्र बुझ्न सकिने छ ।

२०) यस सुचनामा नपरेका कुराहरु प्रचलित कानुन एबं. सार्बजनिक खरिद ऐन २०६३ , सार्बजनिक खरिद नियमावली २०६४ एवं स्थानी निकाय आर्थिक प्रशासन नियमावली २०६४ अनुसार हुने छ ।

तपसिल

| ठे.नं. | कामको विवरण | ल.ई.रकम (भ्याट र कन्टेन्जेन्सी बाहेक ) रु. | जमानत वा विडवण्ड रकम रु. | बेलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १/२०७१-०७२ | आईत - घटाल सडक कालोपत्रे गर्ने कार्य, अ.न.पा.- ३, डोटीघटाल | --------------------- | २,३९,०००।०० | ३०००।- | पूर्व-योग्यता ( **PQ** ) मागेको |
| २/२०७१-०७२ | पर्यटन भवनको ग्यारेज,रिटेनिङ्गवाल,गेट निर्माण,पानी टंकी, कम्पाउण्डवाल, आँगन आदी पूर्वाधार निर्माण गर्ने कार्य, अ.न.पा.-५, कार्यालय परिसर | --------------------- | २,४४,०००।०० | ३०००।- | पूर्व-योग्यता ( **PQ** ) मागेको |

कार्यकारी अधिकृत

# अमरगढी नगरपालिका कार्यालय

अमरगढी, डडेल्धुरा

पत्र सख्या :- योजना शाखा २०७१।७२
चलानी नम्बर :- २३३२

मिति :- २०७१।१०।१३

विषय :- शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना टाँस गरी दिने बारे ।

श्री जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला विकास समितिको कार्यालय, डडेल्धुरा ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, डडेल्धुरा ।
श्री मालपोत कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा ।
श्री जिल्ला वन कार्यालय, डडेल्धुरा ।
श्री उद्योग वाणिज्य संघ, डडेल्धुरा ।
श्री निर्माण व्यवसायी संघ, डडेल्धुरा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट प्रथम पटकका लागी मिति २०७१।१०।१३ गते राजधानी दैनिकमा प्रकाशित शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना थान – १ (एक) यसै पत्र साथ संलग्न गरी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरी दिन हुन अनुरोध छ ।

कार्यकारी अधिकृत

(नारायण बहादुर बिष्ट )
कार्यकारी अधिकृत